जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९,

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३४ अंक १६१ २०८१ साल माघ १० गते बिहीबार (23 Jan. 2025 Thursday) मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं।

*यस अंक भित्र :* २ पृष्ठमा : मुनाफा आर्जनलाई ... ३ पृष्ठमा : स्नातकोत्तर तहमा जनप्रशासनका ... ३ पृष्ठमा : भारतमा भएको सडक ...

# पत्रकार यादव अनुसन्धानका लागि पक्राउ

## प्रहरी हिरासतमा लडेपछी उपचारका लागि बिराटनगर रेफर

**दैनिक समाचारदाता**
**राजविराज, ९ माघ ।**

प्रेस मञ्च नेपालका उपमहासचिव तथा नेपाल पत्रकार महासंघ सप्तरीका पूर्व उपाध्यक्ष समेत रहेका पत्रकार बैधनाथ यादवलाई प्रहरीले पक्राउ गरेको छ ।

ठगि गरेको आरोपमा उजुरी परेपछी सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका ७ निवासी ५० वर्षिय पत्रकार यादवलाई बुधबार बिहान प्रहरीले पक्राउ गरेको हो ।

अघिल्लो दिन माघ ८ गते यादवलाई पक्राउ गर्न सप्तरी जिल्ला अदालतबाट अनुमति लिई खोजतलासका क्रममा बुधबार बिहान पक्राउ गरेको प्रहरीको भनाई छ ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता प्रहरी नायब उपरिक्षक जितेन्द्र कुमार बस्नेतका अनुसार उनी बिरुद्ध सोही पालिकाका भरत ठाकुरले ठगि गरेको आरोपमा उजुरी दिएपछी अनुसन्धानका लागि नियन्त्रणमा लिइएको हो ।

उनलाई बुधबारै ठगि तथा अपराधिक विश्वसघात कसुर मुद्दामा अनुसन्धानका लागि सप्तरी जिल्ला अदालतबाट म्याद थप्ने प्रहरीले तयारी गरेपनि अचानक प्रहरी हिरासतमा लडेपछी अदालतको साटो उपचारका लागि स्थानीय गजेन्द्र नारायण सिंह अस्पताल पुऱ्याइएको थियो । उनको प्रारम्भिक उपचार पछी सोही दिन साँझ थपउपचारका लागि बिराटनगर रेफर गरिएको प्रहरीले जनाएको छ । प्रहरी नायब उपरिक्षक बस्नेतले उनी निको भएपछी पुनःकानुनी प्रकिया अघि बढ्ने बताए ।



प्रहरीले यसअघि २०८१ पुस २२ गते सर्वसाधारणसँग रकम दोब्बर पारिदिने भन्दै रकम लिएर ठगि धन्दा चलाएको आरोपमा सोही पालिकाका हनुमानी भन्ने रामबहादुर रजकलाई पक्राउ गरेको थियो । रकम दोब्बर पारिदिने भन्दै सर्वसाधारणलाई ठगि गर्ने धन्दा रजक गिरोहले विगत १० वर्षदेखी चलाउँदै आएको प्रहरीको भनाई छ ।

पीडितको उजुरी तथा उक्त प्रकरणमा पत्रकार यादवको नाम पनि जोडिन पुगेकाले अनुसन्धानका लागि नियन्त्रणमा लिएको प्रहरीको कथन छ । यसअघि रजक पक्राउ परेको भोली पल्टै प्रहरीले पत्रकार सम्मेलनको आयोजना गरि रजक गिरोहबाट ठगिमा परेका अन्य पीडितलाई समेत लिखित उजुरीसहित सम्पर्कमा आउन अनुरोध गरेको थियो ।

त्यसपछी ११ जना पीडितहरु उक्त गिरोहबाट ठगिएको भन्दै प्रहरीमा उजुरी दिन आइपुगेको प्रहरी उपरिक्षक ढकेन्द्र खतिवडाले जानकारी दिए । अहिलेसम्म परेको उजुरीमा रजक गिरोहले सर्वसाधारणको अढाई करोड जति रकम ठगि गरेको पाइएको उनको भनाई छ ।

तीन दिनअघि जनमत पार्टीका प्रदेशसभा सदस्य शम्भु साहले मधेश प्रदेश सभामै पत्रकार यादव विरुद्ध पीडितहरुले दिन खोजेको ठगि मुद्दाको जाहेरी लिन सप्तरी प्रहरीले आलटाल गर्दै आएको प्रसङ्ग उठाउँदै सभामुख मार्फत प्रदेश सरकारको ध्यानाकर्षण गराएका थिए ।

पत्रकार यादवले भने आफू कुनै ठगि धन्दामा सरिक नरहेको तथा राजनीतिक पूर्वाग्रह राखेर पक्राउ गरेको दाबी गरेका छन् ।

# विपन्न बस्तीमै पुगेर न्यानो कपडा बाड्दै समाजसेवी यादव



**दैनिक समाचारदाता**
**राजविराज, ९ माघ ।**

विगत एक सातादेखी सितलहरमा कठ्याग्रिएर बसेका गरिब, दलित र असहायलाई सप्तरीका एक समाजसेवीले न्यानो कपडा बाड्दै हिडेका छन् ।

धर्मीहल्फा महिला विकास क्लबका अध्यक्ष सेवानिवृत ई. सूर्यनारायण यादवले विपन्न बस्तीमा पुगेर न्यानो कपडा बाड्दै हिडेका हुन् ।

यसैक्रममा बुधबार सप्तरीको बोदेबसाइन नगरपालिका ७ स्थित फुलहारा गाउँको दलित बस्तीमा पुगेर उनले दुई दर्जन विपन्न परिवारलाई न्यानो कपडा र ब्लाइकेट बितरण गरेका छन् ।

चिसोका कारण उक्त बस्तीका बृद्धबृद्धा र बालबालिकालाई गाह्रो भइरहेको जानकारी प्राप्त भएपछी सानो सहयोग स्वरुप न्यानो कपडा लिएर पुगेको उनले बताए ।

अत्याधिक चिसो बढेका बेला उनी निजी खर्चमै एक साता यता विपन्न बस्तीमा पुगेर न्यानो कपडा र ब्लाइकेट बितरण गर्दै आएका छन् ।

पछिल्लो सात दिनयता जिल्लाको विभिन्न विपन्न बस्तीमा पुगेर उनले तीन सय भन्दा बढी न्यानो कपडा र ब्लाइकेट बितरण गरिसकेका छन् ।

# नक्कली पेस्तोल देखाएर पैसा माग्ने भारतीय नागरिक पक्राउ

**दैनिक समाचारदाता**
**रौतहट, ९ माघ ।**

रौतहट जिल्लाको सीमावर्ती इलाकामा नक्कली पेस्तोल देखाएर सर्वसाधारण मानिससँग पैसा माग्ने कार्यमा संलग्न एक जना भारतीय नागरिकलाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा भारत बिहार मोतीहारी जिल्ला खडुही ग्राम पञ्चायत ४ का अब्दुल कलाम रहेको जिल्ला प्रहरी कार्यालय रौतहटका सहप्रवक्ता इन्स्पेक्टर रामकुमार महतोले बताए ।

भारतीय सीमामासँग जोडिएको ईशनाथ नगरपालिका ४ मठीया गाउँ छेउमा आरोपी कलामले मङ्गलवार चाईनिज नक्कली खेलौना पेस्तोल देखाएर सर्वसाधारणसँग पैसा मागिरहेको सूचनाको आधारमा प्रहरी चौकी मठीयाको टोलीले पक्राउ गरेको हो ।

आरोपी कलाममाथि मुद्दा दायर गरी जिल्ला अदालत गौरबाट म्याद थमाएर अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ ।

# चिसो बढेपछी विभिन्न चौकमा आगो ताप्ने क्रम बढ्यो



**दैनिक समाचारदाता**
**राजविराज, ९ माघ ।**

विगत तीन दिनदेखी सितलहर, बाक्लो हुस्सु तथा हावाका कारण बढेको चिसोले मधेशको जनजीवन झनै कष्टकर बन्दै गएको छ ।

विहानैदेखी चल्ने शितलहरले जनजीवन नराम्ररी प्रभावित भएको छ । बाक्लो हुस्सु र निरन्तर चलिरहेको हावाका कारण चिसो बढ्दा जनजीवन झनै कष्टकर बनेको हो । विषेश गरी ग्रामिण क्षेत्रका विपन्न बस्तीमा चिसोले बढी प्रभाव पारेको छ ।

टोल टोलमा दाउरा बालेर आगो ताप्ने क्रम बढेको छ । बुधबार बिहानैदेखी राजविराज नगरपालिका वडा नं. ७ ले विभिन्न स्थानमा आगो ताप्ने प्रबन्ध मिलाएको छ । अदालत रोड, गजेन्द्र चौक, रुपनी मोड लगायतका विभिन्न स्थानमा आगो ताप्ने प्रबन्ध मिलाएको वडाअध्यक्ष सुभाचन्द्र यादवले जानकारी दिए ।

चिसोबाट अति विपन्न, असहाय र दैनिक ज्यालादारी गरेर गुजारा चलाउने परिवार सबै भन्दा बढी मारमा परेका छन् ।

अत्यधिक चिसोका कारण यहाँका विभिन्न अस्पतालमा विरामीको चाप समेत बढेको छ ।

चिसोकै कारण मंगलबार बिहान जिल्लाको तिलाठी कोइलाडी गाउँपालिका वडा नं. ४ का ५५ वर्षिय भुटाई साहको मृत्यु भएको थियो ।

**विज्ञापन व्यवसाय संचालन गर्दा ध्यान दिनुपर्ने कुराहरू**

- विज्ञापन कारोबार गर्ने विज्ञापन एजेन्सी र सञ्चारमाध्यम विज्ञापन बोर्डमा सूचीकरण गरौं,
- विज्ञापन बोर्डमा सूचीकरण भएका सञ्चारमाध्यम र विज्ञापन एजेन्सीसँग मात्र विज्ञापनको कारोबार गरौं,
- विज्ञापन सम्बन्धी कुनै गुनासो भए विज्ञापन बोर्डमा उजुरी गरौं,
- विज्ञापनदाता, विज्ञापन एजेन्सी र सञ्चारमाध्यमबीच त्रिपक्षीय सम्झौताको आधारमा कारोबार गरौं,
- सञ्चारमाध्यमबाट जारी बिजकको आधारमा एजेन्सीको शुल्क खुलेको बीलबाट मात्र विज्ञापनको भुक्तानी गरौं,
- सरकारी निकाय तथा कार्यालयले विज्ञापनको रकम भुक्तानी गर्दा तिन प्रतिशत रकम विज्ञापन कोषमा जम्मा गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

